# २. चेलापनको महत्व र मूल्य

क. मुख्य पदहरु

यूहन्ना १५:१६
मत्ती २८:१८-२०
लूका ९:२३
लूका १४:२६-३५
मत्ती १०:३७-३९

ख. चेलापन किन ?

१. बाह्रजना चेलाहरुलाई येशूले पृथ्वीमा आफ्नो साढे तीनवर्षको सेवकाईमा तालिम दिएर चेलापनको महत्व प्रष्ट्याउनुभयो.
२. येशूले आफ्ना चेलाहरुलाई अरु चेलाहरु तयार पार्न आज्ञा गर्नुभयो किनभने कहिल्यै नकुहिने फल फलेको उहाँ हेर्न चाहनुहुन्थ्यो.
३. यो संसारलाई परमेश्वर चिनाउने उत्तम तरीका नै चेलापन हो. येशूका बाह्रजना चेलाहरु र पावलले संसारमा पारेको प्रभावले चेलापनको महत्वलाई दर्शाएको छ. आत्मिक गहिराइमा नपुगेको बिश्वासीहरुको ठूलो भुण्डले भन्दा राम्ररी तालिम पाएका चेलाहरुको सानो भुण्डले परमेश्वरको निम्ति ठूलो उपलब्धि हासिल गर्नसक्छ. संसारमा सुसमाचार पुर्‍याउन परमेश्वरले चुन्नुभएको तरीका चेलापन हो. यदि एउटा चेलाले अर्को ब्यक्तिलाई खीष्टकहाँ ल्यायो र पूरा एकवर्ष उसलाई तालिम दिन बितायो अनि आउंदो वर्ष दुवैले एक-एकजना मानिसलाई प्रभुमा ल्याए र एवंरीतले (गुणात्मक) काम भएमा गणितीय हिसाबले ३२ वर्षमा संसारका सारा मानिसले खीष्टलाई ग्रहण गर्नेछन्.
४. अन्तमा, सबै क्रिश्चियन परिपक्व हुनु हो. उमेर, अनुभव तथा ज्ञान बढदैमा परिपक्वता आफसे आफ आउंदैन. यो त आत्मिक उन्नतिको क्रमिक वृद्धिको नतिजा तथा येशू र उहाँको वचनको आज्ञाकारिताको आधारमा आउने कुरा हो.

ग. आत्मिक परिपक्वताका सात चिन्हहरु

१. परमेश्वरको सेवकाईमा फलदायीपन (मत्ती २५:१४-३०).
२. विनम्र प्रवृत्ति (भाव) र अरुको सेवा गर्ने तत्परता (यूहन्ना १३:१२-१७).
३. सबै कुराहरुमा विशिष्टतापूर्ण जीवनशैली (२कोरिन्थी १३:११).
४. येशूसितको निकट सम्बन्ध (गलाती २:२०).

५. हाम्रो जीवनबाट आत्मिक फलको प्रष्फुटिकरण (गलाती ५:२२-२३).
६. परमेश्वर तथा मानिसहरुका सामू पवित्र, स्थायी तथा अविरल एकरुपता (एफिसी ४:११-१६).
७. उपरोक्त कुराहरुको नतिजामा परमेश्वरको बचनको ज्ञान र विवेकमा खंदिलोपन (हिब्रु ५:१३-६:२) यसलाई "खीष्टको स्वरुप" भन्न सकिन्छ (१यूहन्ना २:६).

## घ. आत्मिक परिपक्वताको आवश्यकता

१. सबै क्रिश्चियनहरु खीष्टको परिपक्वतामा वृद्धि भएको आशा गर्न सकिने कुरा बाइबलले बताएको छ (एफिसी ४:११-१६).
२. परिपक्वता बिना नेतृत्व सम्भव छैन. मण्डली वृद्धिको निम्ति अगुवाहरुको आवश्यकता पर्दछ किनभने तिनीहरु परमेश्वरको बगालका रखवालाहरु हुन् (१पत्रस ५:१-३).
३. केवल परिपक्व क्रिश्चियनहरुमात्र शैतान र अन्धकारको शक्तिको आक्रमणलाई प्रभावकारी रुपमा रोक्न सक्दछन र परमेश्वर हामीबाट यही कुराको आशा गर्नुहुन्छ.
४. आजको हाम्रो यो संसारमा परिपक्व क्रिश्चियनहरुले मात्र स्थायी रुपमा खीष्टको प्रभाव पार्न सक्नेछन.
५. स्नेहपूर्ण उदाहरणद्वारा केवल परिपक्व चेलाले मात्र येशूको चरित्रलाई संसारमा स्पष्ट पार्न सक्दछ.

## ङ. याद गर्नुहोस्

नयाँ मानिसलाई खीष्टमा जित्नुले नयाँ जन्म पाएका विश्वासीहरुको संख्यामा वृद्धि गराउंछ. तर चेलापनले चेलाहरु उत्पादन गर्दछ र तिनीहरु परिपक्व (चेला) प्रजननकर्ता हुन्छन्. त्यसरी तिनीहरुले मानिसहरुलाई नयाँ जन्मको अनुभव गराउदै चेलाहरु उत्पादन गर्दछन्.

## त्र. सही चेला हुनुको मूल्य

चेलापन धेरै गम्भीर बिषय हो. यो सजिलो र सस्तो हुदैन. त्यसैकारण यस बिषयमा येशू आफैंले केही भन्नुभएको छ. उहाँले शुरुमै पनि यो एकदमै सजिलो कुरा हो भनेर भन्नुभएन. यसमा निहित तथ्यहरुलाई आरम्भमै उहाँले बिल्कुल स्पष्ट पारिदिनुभएको थियो. येशूको चेला हुनको निम्ति

हामीले आफ्नो क्रुस उठाएर उहाँको पछि लाग्नुपर्छ (लूका १४:२७). हामीले आफ्नो सम्पूर्ण जीवन र हामीसँग भएका सबै कुराहरु उहाँलाई दिनुपर्छ अनि उहाँले ती कुराहरुलाई आफ्नो इच्छा अनुसार चलाउनुहुनेछ.

छ. धेरै मानिसहरु थोरै कुरामा सन्तुष्ट भए

धेरै क्रिश्चियनहरु येशूका आकांक्षा र शिक्षाहरुसँग अलि-अलि मात्र मिल्ने किसिमका चेलापनको जीवन जिउनमा सन्तुष्ट देखिए. उहाँका वचनहरुमा चलाकिपूर्ण सम्भौताहरु भए अथवा व्यक्तिगत मूल्य चुकाउनबाट उम्किए. यसले गर्दा धेरै क्रिश्चियनहरु परमेश्वरले चाहनुभए मुताविकको साक्षी बन्न सकेनन्. मण्डलीलाई कमजोर, प्रभावहीन तथा महत्वहीन ठानियो. परमेश्वरका सन्तानहरुले येशूको जीवन परिवर्तनकारी उपस्थितिलाई संसारमा प्रदर्शित गर्नुपर्ने थियो. मण्डलीभित्र पनि धेरै क्रिश्चियनहरु सामूहिक निम्न स्तर पहिल्याउदै त्यही बसी रहन चाहन्छन्, यसको अर्थ यो हो तिनीहरु सबैभन्दा तल्लो र अप्रभावकारी व्यक्तिलाई पछ्याउंछन. परमेश्वर चाहनुहुन्छ हामी श्रेष्ठ मानिसहरुको नक्कल गरौं र अन्तमा येशूकै नक्कल गरेको समेत उहाँ इच्छा गर्नुहुन्छ.

ज. मूल्य चाल पाउनु

आफ्ना जनहरुले व्यक्तिगत चेलापनको सही अर्थको सामना गर्न परमेश्वरले हामीलाई भनिरहनु भएको छ. यसको निम्ति जे नै मूल्य चुकाउनुपरे तापनि तिनीहरुले विश्वासी र प्रभुप्रति आज्ञाकारी हुनैपर्छ. येशूको प्रेमका खातिर उहाँको आदर्शलाई आफ्नो जीवनमा उतार्न चेलाहरु इच्छुक छन्. मूल्यविनाको चेलापन वास्तवमा चेलापन हुदैन. आफैंलाई इन्कार गर्दै आफ्नो क्रुस उठाएर येशूको पछिलाग्न क्रिश्चियनहरुलाई भनिएको छ. क्रूस तिनीहरुमाथि जवर्जस्ती लादिएको छैन तर सुसमाचारको लागि त्यसलाई स्वेच्छाले स्वीकारेका छन्. परमेश्वर तिनीहरुको जीवनमा पहिलो स्थानमा हुनुहुन्छ. आफ्नो र अरुको इच्छाभन्दा उहाँको इच्छा नै तिनीहरुको जीवनमा सर्वोपरी भएको छ. चेलाहरु तथा तिनीहरुले प्रेम गर्ने सबैका निम्ति पनि परमेश्वरलाई पहिलो स्थानमा राख्नु नै उत्तम हुनेछ. सबैभन्दा पहिला चेलापनको मूल्य जान्न उहाँले सबैलाई चुनौती दिनुभएको छ (लूका ९:५७-६२, यूहन्ना ६:६०-६६, मर्कूस १०:१७-३१). चेलापनको लागि येशूले तोक्नुभएको उच्चतम मूल्यलाई दृष्टिगत गर्दा उहाँका साथमा अति समर्पित

तर थोरै चेलाहरुमात्र पछिलाग्नुमा कुनै आश्चर्य देखिदैन. तर ती थोरै व्यक्तिहरु संसार परिवर्तन गर्नका निम्ति पर्याप्त थिए.

## झ. सही चेलापनको मूल्य हामी सबैले तिर्नुपर्छ

१. चेला भएर जिउनु इच्छाधिन वा फाल्तु बिषय होइन तर येशूले आफ्ना सबै चेलाहरुमा यो प्रतिबद्धता स्वाभाविक क्रिश्चियनमा हुनुपर्ने कुराको आशा गर्नुभएको छ.

२. येशू हाम्रो सम्पूर्ण जीवनको प्रभु हुन योग्यको हुनुहुन्छ भन्ने तथ्यलाई एउटा साँचो चेलाले मानिलिन्छ र त्यसलाई स्वीकार पनि गर्छ.

३. एउटा साँचो चेला त्यो व्यक्ति हो जसले ख्रीष्टको वचनमा बिश्वास गर्दै उहाँमा आफ्नो जीवन अर्पण गर्दछ.

४. परमेश्वरको कुराहरुको निम्ति येशू जिउनुभयो र मर्नुभयो. त्यसकारण उहाँको चेलाहरुले कुनैपनि कुरामा दुईमनको वा काम चलाउ किसिमको मात्र हुन सक्दैन.

## ञ. धर्मशास्त्रीय चेलापनका पाँच आधारभूत पूर्वसर्तहरु

१. *विश्वशनीयता*

इमान्दार तथा भरपर्दो व्यक्तिमात्र चेलापन तालिमको योग्य हुन्छ.

२. *येशूलाई पहिलो स्थान दिदै उहाँलाई प्रेम गर्ने*

यसको मतलव उहाँको इच्छा अनुसार अर्थात सम्पूर्ण आज्ञाकारितामा जिउने.

३. *बलिदानात्मक रुपमा आफूलाई स्वेच्छापूर्वक दिने*

आत्मिक परिपक्वतामा बढ्नको लागि समय, सामर्थ्य तथा कहिले त सम्बन्ध तथा नातागोतालाई पनि त्याग्नुपर्नेहुन्छ. हामी प्रत्येकको निम्ति परमेश्वरसित चेलापनको व्यक्तिगत योजनाहरु छन्. यी योजनाहरुमा हामी हाम्रो जीवन चलाएको परमेश्वर चाहनुहुन्छ ताकि हामी उहाँको पुत्रको रुपमा बदलिन सकौं (फिलिप्पी २:१३, २कोरिन्थी ९:८, १थेस्स ५:२३-२४).

४. *आत्मिक भोक*

परमेश्वरद्वारा प्रयोग हुने र आत्मिक रुपमा बढ्ने इच्छालाई यसले देखाउंछ.

५. *सिक्ने प्रवृत्ति*

हामी परमेश्वरको वचनमा समर्पित हुने इच्छा र उहाँले हामीमाथि तैनाथ गर्नुभएका आत्मिक अगुवाहरुका अधीनमा बस्ने तथ्यलाई देखाउंछ.

ट. प्रश्न तथा छलफलका बुँदाहरु

१. के येशूले आफ्ना चेलाहरुद्वारा संसारमा प्रभाव पार्नुभयो ? किन ?
२. आत्मिक परिपक्वता प्राप्तगर्ने लक्ष किन हुनुपर्ने (कलस्सी १:२८)
३. खीष्टजस्तै हनु भनेको के हो ? ((रोमी ८:२९).
४. आफ्नो क्रूस आफैं उठाउनुको अर्थ के हो ? (मत्ती १६:२४-२५).
५. मण्डलीलाई कमजोर, अप्रभावकारी र साधारण भनेर किन भनेको ? छलफल गर्नुहोस्.
६. के येशूको चेलाहुन मूल्य चुकाउनैपर्छ ? (लूका १४:२५-३५).
७. के येशू तपाईंको सम्पूर्ण जीवनको प्रभु बनाइन योग्यको हुनुहुन्छ ? (कलस्सी १:१५-२०)
८. उहाँको सेवा गर्ने कस्तो मानिसको खोजी येशूले गर्नुभएको छ ? (लूका १६:१०-१२; मत्ती २५:१४-३०)
९. आफ्नो प्राण गुमाएर सारा संसार प्राप्त गर्नुले के फाइदा हुन्छ र ? (मत्ती १६:२६-२७).
१०. मत्ती १६:२४-२५, १यूहन्ना ५:१२ मुताविक हामी हाम्रो जीवन कसरी बचाउन सक्छौं ?
११. तपाईंको मन कहाँ हुनेछ ? (लूका १२:३२-३४).
१२. साँचो चेला बनेर येशूलाई पछ्याउन तपाईंको जीवनमा के के फेर-बदल गर्नुपर्छ होला ? छलफल गर्नुहोस्.

ठ. सारांश तथा प्रयोग

१. येशूले चेलापनलाई प्राथमिकता दिनुभयो र हामीले पनि त्यसै गर्नुपर्छ.
२. संसारमा सुसमाचार पुऱ्याउन चेलापन परमेश्वरले दिनुभएको योजना हो.
३. चेलापनको अन्तिम नतिजा आत्मिक रुपले परिपक्व क्रिश्चियन तयार पार्ने हुनुपर्छ.

४. येशूलाई पछ्याउने हामीले दृढनिश्चय गर्नुपर्छ र सानातिना उपलब्धिमा सन्तुष्ट हुनुहुदैन. येशूलाई पछ्याउनु भनेको उहाँको यात्रामा सहभागी हुनु हो. यसो गर्नु हाम्रो निम्ति सजिलो नभएको कुरा उहाँले भन्नुभएको छ. हाम्रा सबै कुराहरु दाउमा लाग्नसक्ने तथ्य पनि उहाँले प्रष्ट पार्नुभएको छ.

५. परमेश्वरका छोराछोरीहरुले येशूलाई संसारमा चिनाउनुपर्छ. वास्तवमा हामी आफैं उहाँको स्वरुपमा परिवर्तित हुनुपर्छ.

६. हामी उहाँका चेलाहरु भएकाले हामी सिक्ने मनका, विश्वासी, आत्मिक भोका र येशूप्रतिको प्रेमले गर्दा सवैथोक त्याग्न हामी तयार हुनुपर्छ.

७. मानव प्रवृत्ति आज्ञा मान्न पनि चाहदैन र मूल्य चुकाउन पनि मान्दैन. आफैलाई स्वीकारयोग्य चेलापनको जीवन यापन गर्न हामी चाहन्छौ र यही कुरो परमेश्वरलाई पनि स्वीकार भएको छ भन्ने हामी ठान्छौं.